# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Bagmati Province, Nepal


### कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं.०८-२०८२/०८३

प्रथम पटक प्रकाशित मिति-२०८२/०८/१२

दोस्रो पटक प्रकाशित मिति -२०८२/१०/०६

भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा, कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व. २०८२/०८३ को बार्षिक नगर विकास योजना स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तपशिल बमोजिमको कार्यहरु संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह,कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८२/१०/१२सम्म) माग निवेदन दर्ता गर्नहुन यो सूचना पुनः प्रकाशन गरीएको छ। तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन ।कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट / अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| ५ | कृषि तथा पशुपन्छी प्रवर्दन कार्यक्रम, भरतपुर ४ | माग अनुसार | १० लाख/ प्रदेश कार्यविधि अनुसार | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ मा तोकिए बमोजिम | स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ र भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ अनुसार |

...................................

तेजेन्द्र प्रसाद पौडेल

आर्थिक विकास महाशाखा प्रमुख

महाशाखा प्रमुख

**आवश्यक कागजात तथा सर्तहरु**

१.कृषि समुह/सहकारीको/कम्पनीको निर्णय सहित माग निवेदन ।

२.सम्बन्धित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्वरको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपी ।

३.कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे निर्णयको प्रतिलिपी ।

४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्म्वार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र ।

५.सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।

६.कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष वा सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु।

७.कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।

८. प्रतिबद्धता पत्र

९. कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनीको हकमा अनिवार्य नविकरण गरेको हुनुपर्ने छ ।

१०. एक लाख सम्मको अनुदान प्रस्तावको आवेदन दस्तुर रु.१००, दुई लाख देखि पाँच लाख सम्मको लागि रु.३०० र पांच लाख भन्दा माथिको प्रस्तावलाई रु.५०० दस्तुर बुझाएको रसिद।

नोट-कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ मा सम्पर्क गर्न सकिने छ।